रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७ रामग्राम, पौष १९ गते, २०८१ साल संख्या ५

## भाग-२

## कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि-२०७८ (पहिलो संशोधन)

कार्यपालिकाबाट पहिलो संशोधन मितिः २०८१/०९/१९

कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि-२०७८ लाई संशेधन गर्न वाञ्छनीय भएकोले रामग्राम नगरपालिकाले यो कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि-२०७८(पहिलो संशोधन) बनाएको छ ।

१) यस कार्यविधिको दफा २६ मा देहाय बमोजिमको संशोधन गरिएको छ । दफा २६ मा लेखिएको वाक्य हटाई सो ठाउँमा तपसिलको वाक्य थप गरिएको छ ।

दफा २५ बमोजिम समूह नविकरण नगरेमा ३५ दिनपछि ६ महिना भित्र नविकरण गरेमा रु.३००।- र ६ महिना देखि १ वर्षसम्म समूह नविकरण गरेमा रू.५००।-, १ वर्ष पछि प्रत्येक वर्ष रु.८००का दरले ५ वर्षसम्म नविकरण जरिवाना दस्तुर लाग्नेछ । यसरी ५ वर्ष सम्म पनि नविकरण नभएका कृषक समूह स्वत खारेज भएको मानिनेछ ।

२) यस कार्यविधिको दफा ५७ मा देहाय बमोजिमको संशोधन गरिएको छ ।

दफा ५७ मा समूह विघटन हुन सक्नेको ठाँउमा समूह खारेजी, दुरुपयोगको ठाँउमा अनुदान दुरुपयोग तथा समूह विघटनको ठाँउमा समूह खारेजी शब्दमा थप गर्ने ।

३) यस कार्यविधिको दफा २३ र २५ मा देहाय बमोजिमको संशोधन गरिएको छ ।

दफा २३ र २५ मा समूह दर्ता तथा नविकरण शुल्क नगर सभाले तोके बमोजिम हुने ठाँउमा आर्थिक ऐनमा तोकिए बमोजिम हुने शब्द राखे ।

प्रमाणीकरण मितिः २०८१/०९/१९

आज्ञाले
यम बहादुर कुँवर
प्रमुख प्रशासकीय अधिकृत